# मेनिनजाइटिस

## सामान्य रोग होइन गम्भीर र संक्रामक रोग

शिशुहरू र बामे सर्ने बच्चाहरू सर्वाधिक सम्बेदनशील हुन्छन् किनभने उनीहरूले संक्रमणको सजिलै मुकाबिला गर्न सक्दैन अनि तिनीहरूको रोग प्रतिरक्षण प्रणाली पूर्णतः विकसित भइसकेको हुँदैन। उनीहरूले के महसुस गर्दैछन् भनी बताउन सक्दैनन् र चाँडै नै सिकिस्त हुन सक्छन्। उनीहरूको जाँच गरिराख्नु पर्दछ।

मेनिनजाइटिसमा मस्तिष्क वरिपरि सुन्निन्छ। यो अति गम्भीर, संक्रामक रोग हो, तर यसको चाँडो उपचार गरिने हो भने प्रायःजस्ता बच्चाहरू पूर्णतः निको हुन सक्छन्।

**मेनिनजाइटिसको कुनैपनि सन्दिग्ध मामिलालाई सधैँ आपातकालीन स्थितिको रूपमा व्यवहार गरिनु पर्दछ।**

यसको प्रारम्भिक सङ्केत रूघा मर्की वा फ्लू भएको जस्तो हुन सक्छ। मेनिनजाइटिस भएका बच्चाहरू चाँडै गम्भीर रूपमा बिमार हुन सक्छन्, तसर्थ तपाईंले यसका सङ्केतहरू पत्तो लगाउने कुरो सुनिश्चित गर्नुहोस्। तपाईंको बच्चामा राता र बैँगनी दागहरू देखिन सक्छन्। ग्लास परीक्षण (glass test) गर्नुहोस्। यी बिमिराहरू काला त्वचामा देखिनु गाह्रो हुन्छ, तसर्थ यी दागहरू तपाईंको नानी वा नानीको सम्पूर्ण शरीरमा खोज्नुहोस् किनकि यो कहीँबाट पनि शुरू हुन सक्छ (पहिले हल्का रङ भएको त्वचाहरूमा खोज्नुहोस्)। तर, सधैँ बिमिराहरू नहुन सक्छन् – सबै सङ्केत/लक्षणहरू प्रति सजग रहनुहोस्।

**ज्वरो आउनु र 'जीपी भन्दछन्' अन्तर्गत सूचीबद्ध अन्य कुनै लक्षणहरूलाई अत्यन्तै गम्भीरतापूर्वक लिइनु पर्दछ। सबै बच्चाहरूमा सूचिबद्ध सबै लक्षणहरू देखिँदैनन्।**

### जीपी भन्दछन्

निम्न मध्ये कुनै पनि लक्षण देखिएमा आफ्ना प्र्याक्टिश नर्स वा जीपी-लाई सम्पर्क गर्नुहोस्:

- ज्वरो, हात र खुट्टा चिसो हुनु।
- थकित एवं लल्याक-लुलुक हुन्छ।
- लट्ठिएको जस्तो र जगाउनु गाह्रो हुन्छ।
- दागहरू/बिमिराहरू। ग्लास परीक्षण (glass test) गर्नुहोस्।
- चर्को सास फेर्नु वा घ्याघ्र्यार गर्नु।
- रिसाउँछ, छुँदा दिक्दारी मान्छ।
- असामान्य रूवाई वा विलाप।

## ग्लास परीक्षण

तपाईंको बच्चालाई यदि बिमिरा निस्केका छन् भने 'ग्लास परीक्षण' गर्नुहोस्। काँचको ग्लासलाई बिमिरा वा ज्यास निस्केको ठाउँमा मजबूतीका साथ दबाउनुहोस्। यदि दागहरू काँचबाट देखिन्छन् भने र तपाईंले त्वचामा ग्लासलाई दबाउँदै जाँदा ती हल्का हुँदैनन् भने यसलाई 'नन-ब्लान्चिङ्ग ज्यास' भनिन्छ। यदि तपाईंले यसप्रकारको बिमिरा वा ज्यास देख्नुहुन्छ भने तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस्। कालो त्वचामा ज्यास देखिनु गाह्रो हुन्छ तसर्थ पहेँला त्वचा भएको ठाउँमा जस्तै हत्केलाहरूमा, पैतालामा र भुँडीमा हेर्नुहोस्।

कपिराइट © मेनिनजाइटिस ट्रस्ट 2013

### 1

मेरो बच्चामा मेनिनजाइटिसका केही लक्षणहरू देखिँदैछन्।

### 2

के तपाईंले ग्लास परीक्षण गरेर हेर्नुभयो?

### 3

मेनिनजाइटिसका सन्दिग्ध सबै मामिलाहरूलाई आपतकालीन मामिलाको रूपमा व्यवहार गर्नुहोस्। ग्लासले दवाब दिँदा दागहरू हल्का पर्दैनन् भने **999 मा फोन गर्नुहोस् वा ए एण्ड ई मा जानुहोस्**।